# खजुरा गाउँपालिका बाँकेको

# चालु आ.ब. २०८२/०८३ को दोश्रो चौमासिक

# सार्वजनिक सुनुवाई कार्यक्रम

## २०८२ चैत्र २९ गते, खजुरा गाउपालिका बाके

## कार्यक्रम प्रगति-प्रतिवेदन




*सार्वजनिक सुनुवाई कार्यक्रममा सरोकारवालाहरु*

**आयोजक**

खजुरा गाउँपालिका बाँके

**सहजिकरण**

बास नेपाल

# खजुरा गाउँपालिका बाँके

## चालु आ.ब. २०८२/०८३ को दोश्रो चौमासिक

# सार्वजनिक सुनुवाई कार्यक्रम

## २०८२ चैत्र २९ गते, खजुरा बाके

## कार्यक्रम प्रगति-प्रतिवेदन

### १. सहजिकरण गर्ने संस्थाको परिचय :

बास नेपाल विगत २५ वर्ष देखि सामाजिक रुपान्तरणका लागि क्रियाशिल गैर सरकारी संस्था हो । २०५७ मंसिर २४ गते स्थापित यो संस्था देशमा व्याप्त भ्रष्टाचार, अनियमितता, ढिलासुस्ति, घुसखोरी जस्ता बेथितिका विरुद्ध सशक्त रुपमा क्रियाशिल रहंदै आएको छ । ७७ जिल्ला शाखा, ४९ उपशाखा, २० ईकाई र ५ हजार बढी युवाहरु आबद्ध भएको यस संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, सामाजिक सद्भाव, सामुदायिक सुरक्षा, युवा सशक्तिकरण, स्वयंसेवा, बाल अधिकार, बाल संरक्षण, लैंगिक हिँसा न्यूनिकरण, सामुदायिक सशक्तिकरण, सञ्चार र संस्थागत विकासका क्षेत्रमा काम गर्दै आईरहेकोछ । बास नेपाल भ्रष्टाचार विरुद्धको विश्वव्यापी संस्था ट्रान्सपरेन्सी ईन्टरनेशनल नेपालको आबद्ध संस्था हो ।

### २. कार्यक्रमको पृष्ठभुमि :

राज्य संचालनको गुणस्तरीयताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेहि भएर उनीहरुको चित्त बुझाउनु पर्दछ । सार्वजनिक निकायमा बस्नेहरुले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा, सुविधा र वस्तुको गुणस्तरका वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको जवाफदेहिता अन्तर्गत पर्दछ । यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार व्यक्ति र सेवाग्राहि नागरिकका विच गरिने सार्वजनिक सुनुवाइका माध्यामबाट खोज्न सकिन्छ । यसरी संचालन गरिने सार्वजीक सुनुवाइबाट सार्वजनिक निकायहरुलाई उनिहरुले गरेको कामको पृष्ठपोषण पनि हुन्छ । सरकारी निकाय र नागरिकको विचमा रहेको अविश्वास घटेर जान्छ र सार्वजनिक निकायले अगाडि सारेका हरेक काम कारबाहिप्रति नागरिकमा अपनत्वको भावना पनि जाग्छ । त्यसैगरी राज्य संयन्त्रले गर्ने गतिविधीका वारेमा नागरिकहरुले गुण र दोषका आधारमा मुल्यांकन गर्न पाउनु पर्छ, यो लोकतान्त्रिक मुलुकका नागरिकको अधिकार हो । सर्वसाधारण नागरिक र अधिकारमा बसेका व्यक्तिहरुका  बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकि प्रश्नेत्तर गर्ने सामुदायिक मञ्चलाई सार्वजनिक सुनुवाई भनिन्छ । यसले स्थानीय नागरिकहरुमा विकास योजना प्रति अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिताको अभ्यास गर्दछ ।

सुनुवाईमा पछाडिपरेका, दलित, अल्पसंख्य, अपाङ्ग सर्वसाधारण नागरिकहरुको उपस्थिती उल्लेखनीय हुनु पर्दछ । हाल सार्वजनिक सुनुवाइलाई बिभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले अबलम्बन गरेर आफ्ना कार्यक्रम

बनाएर सञ्चालन गरी रहेका छन् । सुशासन ऐन, २०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरी कानूनी व्यवस्था गरिएको छ । त्यसैगरी सुशासन नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । अहिले देश संघिय संरचना अनुसार संचालित छ । हाल सबै कामहरु स्थानीय तहहरु मार्फत संचालन भइरहेको बर्तमान अवस्थामा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सुशासन प्रबर्द्धन रणनिति तथा कार्ययोजना २०७४ र सार्वजनिक जवाफदेहिता प्रबर्द्धन कार्यविधि २०७७ (नमुना) जारि गरेको छ । उक्त कार्यबिधिमा स्थानीय तहको सार्वजनिक सुनुवाईको कुरालाई महत्वका साथ उठाएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ मा स्थानीय सरकारले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक सुनुवाई, गर्नुपर्ने व्यवस्था गरिएको छ । सोहि कुरालाई मध्यनजर गर्दै खजुरा गाउँपालिका बाँकेको चालु आर्थिक वर्ष २०८२/०८३ को दोश्रो चौमासिक सार्वजनिक सुनवाइ बास नेपालको सहजिकरणमा २०८२ चैत्र २९ गते सम्पन्न भएको छ ।

## ३. सुनुवाईका उद्धेश्यहरू :

- खजुरा गाउँपालिकाले दोश्रो चौमासिकमा सम्पन्न गरेका काम कारवाही बारे गाउँपालिकाबासिलाई जानकारी गराउने र सो बारे छलफल तथा बहस गर्ने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा, सुविधाको प्रभावकारीताका बारेमा पृष्ठपोषण लिने ।
- सेवाग्राहीहरुबाट आएका गुनासोको सुनुवाई गर्न सार्वजनिक सुनुवाईका माध्यमबाट साझा सार्वजनिक प्रतिबद्धताको घोषणा गर्ने ।

## ४. कार्यक्रम बारे जानकारी:

खजुरा गाउँपालिकाका बाँकेको दोश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।

खजुरा गाउँपालिकाको आयोजना तथा बास नेपालको सहजिकरणमा चैत्र २९ गते सम्पन्न सुनुवाईबाट पाँच बुदें साझाँ सार्वजनिक प्रतिबद्धताको घोषणा गरिएको छ । जवाफदेहि बक्ता र सहभागिहरु बिचको अढाई घण्टा लामो प्रश्नोत्तर पश्चात उक्त साझाँ सार्वजनिक प्रतिबद्धता घोषणा गरिएको हो । यसरी घोषणा गरिएका प्रतिबद्धताहरुमा बि चौक देखि ज्ञानोद्धय स्कुल जाने बाटो निर्माणको पहलगर्ने, पालिका भित्र निर्माणाधिन योजनाहरुको प्रभावकारी अनुगमन गर्ने तथा सडक अतिक्रमण यथासक्य हटाउने, खजुरा २ गुरास सामुदायिक बनमा निर्माणाधिन पर्यटकिय स्थलको निर्माणकार्य समय सिमाभित्र सम्पन्न गरि उत्त स्थानलाई पर्यटकिय हवको रुपमा विकास गर्ने, पालिका मार्फत सञ्चालन हुने लक्षित बर्ग उत्थान कार्यक्रमलाई थप प्रभावकारी रुपमा अगाडी बढाउने, पालिका भित्रका जनप्रतिनिधि र कर्मचारीहरुका छोराछोरीलाई सामुदायिक बिद्यालयमा भर्ना गर्ने नीतिलाई नयाँ शैक्षिक सत्रबाट कडाइकासाथ लागु गर्ने र लागु औषध दूब्यसनिका कारण सामाजिक सद्भाव र सुरक्षा जोखिम बढेकाले प्रहरी, नागरिक र सरोकारवालाहरुले न्यूनीकरणका लागि संयुक्त अभियान सञ्चालन गर्ने प्रतिबद्धता गरिएको छ ।

बास नेपालका कार्यक्रम अधिकृत रबिन्द्र बोहराले सहजिकरण गरेको सुनुवाइमा स्वागत कार्यक्रमको उद्धेश्य माथि प्रकाश तथा नागरिक प्रतिबेदन पत्र र बर्हिगमन अभिमतको नतिजा घोषणा बास नेपालका निर्देशक हेमराज भट्टले गरेका थिए । पालिकाको दोश्रो चौमासिकमा भएका क्रियाकलापहरुको प्रगति प्रतिबेदन पालिकाका प्रमुख प्रशासकिय अधिकृत दिल बहादुर पौडेलले गरेका थिए ।

खजुरा गाउँपालिकाको सभाहलमा सम्पन्न सुनुवाईमा उठेका प्रश्न, जिज्ञासाको जवाफ गाउँपालिका अध्यक्ष तथा प्रमुख जवाफदेहि बक्ता डम्बर बहादुर सुनार, प्रमुख प्रशासकिय अधिकृत दिल बहादुर पौडेल, वडा अध्यक्षहरु, र शाखा प्रमुखहरुले दिएका थिए । खजुरा गाउँपालिकाले चौमासिक रुपमा सार्वजनिक सुनुवाई गर्दै आएको छ ।

## ५. कार्यक्रममा उठान भएका सवालहरू

सार्वजनिक सुनुवाइमा सहभागीहरुले विकास निर्माण, कृषि, पशु सेवा, प्रभावकारी अनुगमन, लक्षित बर्ग उत्थान कार्यक्रम लगाएतका क्षेत्रको समग्र समस्या लगायतका दर्जनौं विषयहरुमा जिज्ञाशा, गुनासो तथा प्रश्न राखेका थिए ।

## ६. प्रतिबद्धताको सार्वजनिकरण

सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएपछि सार्वजनिक सुनुवाईमा उठेका सवाल वा विषयहरु, सुनुवाईको क्रममा सोधिएका प्रश्न तथा जवाफको आधारमा सुधारको लागि ५ बुंदे साझा सार्वजनिक प्रतिबद्धताहरुको घोषणा गरिएको थियो । ५ बुँदे प्रतिवद्धताहरु प्रतिवेदनको अनुसूचीमा संलग्न गरिएकोछ ।

## ७. सुनुवाईका जवाफदेहि वक्ताहरू :

**सार्वजनिक सुनुवाई कार्यक्रममा तपसिल अनुसारका जबाफदेहि बक्ताहरुको अर्थपूर्ण सहभागिता रहेको थियो ।**

| *क्र.स.* | *नाम* | *पद* | *निकाय* |
|---|---|---|---|
| १. | डम्बर बहादुर बिक | अध्यक्ष | खजुरा गाउँपालिका |
| २. | दिल बहादुर पौडेल | प्रमुख प्रशासकिय अधिकृत | खजुरा गाउँपालिका |
| ३. | वडा अध्यक्षहरु | | |
| ४. | कार्यपालिका सदस्य | | |
| ५. | शाखा प्रमुखहरु | | |

## ८. सवल पक्षहरू

सुनुवाईको माध्यमबाट पालिकाको समग्र सेवा प्रवाहको प्रभावकारीता बारे खुला छलफल गरी नागरिकका गुनासा तथा रचनात्मक सुझाव संकलनका लागि खजुरा गाउँपालिकाको आयोजना तथा बास नेपालको सहजिकरणमा सञ्चालन भएको सार्वजनिक सुनुवाई एक सफल कार्यक्रमको रुपमा स्थापित भएको छ । पालिकाको चालु आ.ब. २०८२/०८३ को दोश्रो चौमासिक सार्वजनिक सुनुवाईले गाउँपालिकाबासिहरुमा पालिकाले दोश्रो चौमासिकमा प्रवाह गरेका सेवा सुविधा तथा प्रगतिको बारे जानकारी भई पालिकाबासिहरुबाट रचनात्मक सुझाव प्राप्त भइ

पालिकाको कार्यमा थप प्रभावकारीता बढ्ने देखिएकोछ । सेवा प्रदायक निकाय र सेवाग्राहीहरु बिचको सम्बन्ध सुमधुर गर्ने र सेवा प्रवाहमा सुधार ल्याउन पृष्ठपोषण संकलन गर्ने सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमले जवाफदेहिता अभिबृद्धीसँगै पारदर्शिताको बलियो अभ्यास स्थापित गर्न सहयोग गर्दछ त्यसैले यसको निरन्तरता जरुरी छ ।

## ९. कार्यक्रमका उपलब्धिहरू :

- खजुरा गाउँपालिकाको चालु आ.ब. २०८२/०८३ को दोश्रो चौमासिकमा सम्पन्न काम कारवाही बारे पालिकाबासिहरुलाई जानकारी गराउने र सो बारे छलफल तथा बहस गर्ने काम भएकोछ ।
- गाउँपालिकाले प्रदानगर्ने सेवा, सुविधाको प्रभावकारीताका बारेमा पृष्ठपोषण संकलन गरिएकोछ ।
- सेवाग्राहीहरुबाट आएका गुनासाको सुनुवाई गर्न सार्वजनिक सुनुवाईका माध्यमबाट ५ बुदें साझा सार्वजनिक प्रतिबद्धताको घोषणा गरिएको छ ।
- गाउँपालिका र पालिकाबासिहरुका बिचको सम्बन्ध सुमधुर गर्न सहयोग पुगेको छ ।

***अनुसूची १***

***सार्वजनिक सुनुवाइमा जारी गरिएका सहभागि तथा जबाफदेहिबक्ताले पालना गर्नुपर्ने आचारसंहिता :***

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम र ठेगाना सहित प्रश्न, जिज्ञासा वा सुझाब के हो राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदांगत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नु पर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बिते पछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।

५. आफू भन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुने छैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसै प्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।

८. सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाईने छैन ।

९. सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाईएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधानखोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०. सुनुवाईलाई विषयान्तर हुनबाट जोगाउन सबै सहभागि सचेत हुनु पर्नेछ ।

अनुसुची ४ : **सुनुवाइका प्रतिबद्धताहरु**

प्रतिबद्धता नं. १. बि चौक देखि ज्ञानोद्धय स्कुल जाने बाटो निर्माणको पहलगर्ने ।

प्रतिबद्धता नं. २. पालिका भित्र निर्माणाधिन योजनाहरुको प्रभावकारी अनुगमन गर्ने तथा सडक अतिक्रमण यथासक्य हटाउने ।

प्रतिबद्धता नं. ३. खजुरा २ गुरास सामुदायिक बनमा निर्माणाधिन पर्यटकिय स्थलको निर्माणकार्य समय सिमाभित्र सम्पन्न गरि उत्त स्थानलाई पर्यटकिय हवको रुपमा विकास गर्ने ।

प्रतिबद्धता नं. ४. पालिका मार्फत सञ्चालन हुने लक्षित बर्ग उत्थान कार्यक्रमलाई थप प्रभावकारी रुपमा अगाडी बढाउने ।

प्रतिबद्धता नं. ५. पालिका भित्रका जनप्रतिनिधि र कर्मचारीका छोराछोरीलाई सामुदायिक बिद्यालयमा भर्ना गर्ने नीतिलाई नयाँ शैक्षिक सत्रबाट कडाइका साथ लागुगर्ने तथा लागुऔषध दूब्यसनिका कारण सामाजिक सद्भाव र सुरक्षा जोखिम बढेकाले प्रहरी, नागरिक र सरोकारवालाहरुले न्यूनीकरणका लागि संयुक्त अभियान सञ्चालन गर्ने ।

**कार्यक्रमका फोटोहरु:**




















………………

हेमराज भट्ट

निर्देशक, बास नेपाल